☎ 076-560177

# जिल्ला सरकारी वकील कार्यालय

## कपिलवस्तु तौलिहवा

पत्र संख्या: २०८०।८१ मिति २०८०।०५।१५

चलानी नं.: ६९०

विषय: आदेश बमोजिम कार्यान्वयन गर्नुहुन ।

श्री कपिलवस्तु नगरपालिकाको कार्यालय,तौलिहवा ।
श्री वाणगंगा नगरपालिकाको कार्यालय,जितपुर ।
श्री बुद्धभुमी नगरपालिकाको कार्यालय, बुड्डी ।
श्री कृष्णनगर नगरपालिकाको कार्यालय,कृष्णनगर ।
श्री महाराजगंज नगरपालिकाको कार्यालय,महाराजगंज ।
श्री मायादेवी गाउँपालिकाको कार्यालय,पकडी ।
श्री यशोधरा गाउँपालिकाको कार्यालय,बैदौली ।
श्री शुद्धोधन गाउँपालिकाको कार्यालय,लवनी ।
श्री बिजयनगर गाउँपालिकाको कार्यालय,खुरुहुरीया ।
श्री शिवराज नगरपालिकाको कार्यालय,चन्द्रौटा ।

उपरोक्त सम्बन्धमा प्र.स.नि. विष्णु वलि समेतको प्रहरी प्रतिवेदनले नेपाल सरकार प्रतिवादी भुप बहादुर वि.क. भएको पशुपंक्षी सम्बन्धी कसूर मुद्दामा सम्मानित कपिलवस्तु जिल्ला अदालतको चं.न. १७५१ मिति २०८०।०५।१२ गते आदेश सहितको पत्र प्राप्त भै सोही बमोजिम पत्र लेख्ने कार्य गरिएको छ ।

अतः सो सम्बन्धमा अदालतको आदेशमाः- स्थानिय तहले गाई बस्तुको समयमै उचित नियन्त्रण तथा व्यवस्थापन गरी राजमार्गलाई आवागमनमा व्यवस्था मिलाउनु पर्नेमा आफ्नो कर्तव्य निर्वाह नगरी छाडा रुपमा गाईबस्तु राजमार्गमा छाडी दुर्घटनाको स्थिती उत्पन्न भएको देखिँदा सम्बन्धित स्थानिय तहहरुलाई आफ्नो क्षेत्र भित्रका राजमार्गहरुमा कानुनले निर्धारण गरेको कार्य सम्पादन गरी राजमार्गलाई खुल्ला रुपमा आवगमनको व्यवस्था मिलाउनु भनी स्थानिय तहहरुलाई निर्देशन सहितको जानकारी पठाउनु ।आदेशानुसार कार्य सम्पादन नभएमा कानुन बमोजिम भई जाने बेहोरा समेत जानकारी गराउनु भनी उल्लेख भएकोले सोही बमोजिम छाडा चौपायको व्यवस्थापन गरी सोको जानकारी समेत यस कार्यालयलाई गराउनु, अन्यथा अदालतको अवहेलनामा कानून बमोजिमको कारबाही हुने समेत बेहोरा आदेशानुसार जानकारी गराईन्छ । आदेशको प्रतिलिपी यसै पत्रसाथ सलग्न गरी पठाईएको बेहोरा अनुरोध छ ।

**वोद्यार्थ:** श्री कपिलवस्तु जिल्ला अदालत,कपिलवस्तु ।
**वोद्यार्थ:** श्री जिल्ला प्रशासन कार्यालय,कपिलवस्तु
**वोद्यार्थ:** जिल्ला प्रहरी कार्यालय,कपिलवस्तु (मातहतका कार्यालयहरुमा समेत जानकारी दिनुहुन ।)

२०८०।०५।१५

प्रकाश मरासिनी
जिल्ला न्यायाधिवक्ता

श्री

कपिलवस्तु जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री तेजनारायण पौडेल

आदेश

मुद्दा नं.०८०-C१-००३८

प्र.स.नि. विष्णु वली समेतको प्रतिवेदन जाहेरीले नेपाल सरकार.................................१ वादी

बिरुद्ध:-

जिल्ला दाङ तुलसीपुर उप-महानगरपालिकावडा नं.३ वस्ने कमालु सुनारको छोरा वर्ष ३९ को भुप वहादुर वि.क.......................................................................१ प्र.

मुद्दा: पशुपंक्षी सम्बन्धी कसुर।

यसमा अभियोगपत्र साथ उपस्थित गराइएका प्रतिवादी भुप वहादुर वि.क.को बयान लिने काम सम्पन्न भई थुनछेक आदेश प्रयोजनको लागि पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री प्रकाश मरासिनी र प्रतिवादीको तर्फबाट उपस्थित कानून व्यवसायी विद्वान् अधिवक्ता श्री राजु कुमार श्रीवास्तवले गर्नु भएको बहस सुनी मिसिल अध्ययन गरी हेरियो।

यी प्रतिवादी भुप वहादुर वि.क. उपर वादी नेपाल सरकारले मुलुकी अपराध संहिता, २०७४ को दफा २८९(१) बमोजिमको कसूरमा सोही दफाको उपदफा (२) बमोजिम सजाय गरी पाउँ भन्ने समेतको अभियोग दावी रहेको देखियो।

मिति २०८०।०४।२३ गते रातको १२:३० बजेको समयमा जिल्ला कपिलबस्तु बुद्धभुमी नगरपालिका वडा नं. ०२ पानीधारा स्थित पुर्व पश्चिम महेन्द्र राजमार्ग सडकमा पश्चिमबाट पुर्व तर्फ जादै गरेको भुप बहादुर बि.क.ले चलाएको बागमती प्रदेश ०१-००६ ख ५१७१ नम्बरको बसले छाडा छोडिएका पशु चौपायाहरुलाई ठक्कर दिदा पशु चौपायाहरु घाईते भएको र बस क्षति गएको भन्ने मिति २०८०।०४।२३ गते को ००:४० बजे खवर प्राप्त हुनासाथ तत्कालै यस कार्यालयबाट म समेतको प्रहरी अधिकृत टोली उक्त घटनास्थलमा खटिई गई हेर्दा घटनास्थलमा ४ जिउ गाई, १ जिउ बाच्छी तथा ५ जिउ गोरुहरु गरी जम्मा १० जिउ पशु चौपायाहरु मृत अवस्थामा रहेको, घटनास्थलमा बागमती प्रदेश ०१-००६ ख ५१७१ नम्बरको बस क्षति भएको अवस्थामा रहेकोले बागमती प्रदेश ०१-००६ ख ५१७१ नम्बरको बस समेत आवश्यक कारबाहीको लागी यसै प्रतिवेदन साथ पेश गरेका छौं भन्ने बेहोराको प्रहरी प्रतिवेदन देखियो।

त्यस्तै मौकामा पक्राउ परेका प्रतिवादी भुप वहादुर वि.क.ले अनुसन्धानको क्रममा बयान गर्दा मिति २०८०।०४।२२ गते दाङबाट काठमाण्डौ सम्म जानको लागी यात्रु राखी मैले चलाई काठमाण्डौको लागी हिडेकोमा घटनास्थल जिल्ला कपिलबस्तु बुद्धभुमी नगरपालिका वडा नं. २ पानीधारा स्थित पुर्व पश्चिम राजमार्ग सडक खण्डमा पुग्दा पुर्वबाट पश्चिम तर्फ जादै गरेको नं. नखुलेको ट्रकले फोकस लाईट बाली आउदा उक्त ट्रकको लाईट मेरो आखाँमा परी मैले सडकमा केही नदेखेको तथा पानी परी रहेको र सडक समेत चिप्लो अवस्थामा रहेकोले तत्काल उक्त गाडी क्रश हुँनासाथ उक्त राजमार्ग सडक खण्डमा सडकको दुबै तर्फको साईडमा छाडा चौपाया देखी उक्त छाडा चौपायाहरुलाई बचाउनको लागी मैले चलाई लगेको बागमती प्रदेश ०१-००६ ख ५१७१ नम्बरको बसको ब्रेक लगाउदा ब्रेक नलागी बर्षाको कारण मुसलधारे

पानी परी सडकमा परेको पानीका कारण सडक चिप्लो समेत रहेको हुँदा गाडी चिप्ली अगाडी बढेको हुँदा उक्त सडकमा बसेका छाडा चौपायालाई मैले चलाएको बसले ठक्कर लाग्दा सडकमा बसेका ४ जिउ गाई, १ जिउ बाच्छी तथा ५ जिउ गोरुहरु गरी जम्मा १० जिउ पशु चौपायाहरुको घटनास्थलमै मृत्यु भएको हो । वारदातमा मैले चलाएको बस ६ नं. गियरमा ८० को गतिमा थियो लेखाएको देखिन्छ।

घटना विवरण कागज गर्नेहरु जुठे थारु, सन्दिप थारु र सौरभ थारुले प्रतिवादीले चलाएको वसको ठक्करले १० वटा गाईगोरु मरेका हुन । कानून वमोजिम होस भनी कागज गरेको देखिन्छ।

मृतक गाईहरुको मृत्युको कारण neurogenic shock by severe pain due to blunt object strike भन्ने बेहोराको भेटनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कपिलवस्तुको पत्र रहेको । ।

अतः यी प्रतिवादी आज यस अदालत समक्ष वयान गर्दा आफुले चलाएको सवारीले ठक्कर दिई गाई गोरुको मृत्यू भएको तथ्यमा स्वीकार गरेको देखियो। मृतक गाई गोरुको संख्या १० जीउ गाईगोरुलाई ठक्कर दिई घटनास्थलमा नै मृत्यू भएको भन्ने तथ्य अनुसन्धान मिसिलवाट देखिएको अवस्था र मिसिल सामेल प्रतिवादीले अनुसन्धानमा गरेको वयान गाई गोरुको शव परिक्षण प्रतिवेदन तथा देखिएका प्रमाणहरुवाट प्रतिवादीले चलाएको सवारीको ठक्करवाट १० जीउ गाईगोरुको मृत्यू भएको देखिँदा पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी घटित वारदातको प्रकृति र मृतक गाई जीउको संख्या समेतलाई विचार गरी हाललाई प्रतिवादी भुप वहादुर वि.क.वाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ को उपदफा (१) बमोजिम रु. ३,००,०००।—( तीन लाख ) नगद धरौटी, जमानत वा बैंक ग्यारेण्टी लिई दिई तारेखमा राखू। सो दिन नसके सोही संहिताको दफा ६८ को उपदफा (२) बमोजिम कानून बमोजिमको सिधा खान पाउने गरी ऐ.संहिताको दफा ८० बमोजिमको थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यालय, कपिलवस्तुमा पठाईदिनू। प्रतिवादी चुक्ता भएकोले वादी प्रतिवादीका साक्षी बुझ्न इजलास समक्ष पेश गर्नू भनी ऐ.को दफा ७९ बमोजिमको आदेश पर्चा गरिदिएको छ।

सडक राजमार्गमा खुला रुपमा गाई तथा गोरु चौपायाहरु रहने गरेको देखिन्छ। स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ मा गाउपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार तोकिएको देखियो। सो ऐनको दफा ११ (२) (ञ) मा छाडा पशु चौपायाको नियन्त्रण गर्ने भन्ने उल्लेख भएको देखियो । स्थानिय तहले त्यस्ता गाई वस्तुको समयमै उचित नियन्त्रण तथा व्यवस्थापन गरी राजमार्गलाई निर्वाध आवागमनको व्यवस्था मिलाउनु पर्नेमा आफ्नो कर्तव्य निर्वाह नगरी छाडा रुपमा गाईवस्तु राजमार्गमा छाडी दुर्घटनाको स्थिति उत्पन्न भएको देखिँदा सम्वन्ध स्थानिय तहहरुलाई आफ्नो क्षेत्रभित्रका राजमार्गहरुमा कानूनले निर्धारण गरेको कार्य सम्पादन गरी राजमार्गलाई खुला रुपमा आवागमनको व्यवस्था मिलाउनुहुन भनी स्थानिय तहहरुलाई निर्देशन सहितको जानकारी पठाउनु भनि जिल्ला सरकारी वकिल कार्यालयलाई आदेशको प्रतिलिपी समेत साथै राखि लेखि पठाईदिनू। आदेश अनुसार कार्य सम्पादन नभएमा कानून वमोजिम भई जाने व्यहोरा समेत जानकारी गराउनू।

जिल्ला न्यायाधीश

आदेश सुनी सहीछाप गर्ने:

प्रतिवादी भुप वहादुर वि.क. ........................................................................।

संवत् २०८० साल भाद्र महिना ११ गते रोज २ शुभम्.......................................................